बैठक संख्याः ३६

मितिः २०८१।०४।०८

आज मिति २०८१।०४।०८ गते गुराँस गाउँपालिकाको ३६औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो।

तपसिलः

| | |
|---|---|
| १. श्री टोप बहादुर बि.सी | - गाउँपालिका अध्यक्ष |
| २. श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| ३. श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री काँशिराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री नन्द बहादुर बि.सी | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री दीपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री अमृता कुमारी बि.सी | - सदस्य |
| १२. श्री विर्मा वि.क | - सदस्य |
| १३. श्री कुलविर वि.क | - सदस्य |
| १४. श्री सम्झना कुमारी बुढा | - सदस्य |
| १५. श्री पम्फी वि.क | - सदस्य |
| १६. श्री भुमिसरा वली | - सदस्य |
| १७. श्री दिनेश दाहाल | - सचिव , नि.प्रमुख प्रशासकीय अधिकृत |

सहयोगी कर्मचारी

| | |
|---|---|
| १. श्री मदन प्रकाश मल्ल | - प्रशासन तथा योजना शाखा प्रमुख |
| २. श्री पवन कुमार भण्डारी | - आ.ले.प शाखा |
| ३. श्री खेमराज उपाध्याय | - प्रशासन शाखा |
| ४. श्री पुर्णबहादुर वली | - अध्यक्षज्युको सचिवालय सहयोगी |

बैठकका प्रस्तावहरुः

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२. गाउँसभाको समिक्षा सम्बन्धमा।

३. आ.व. २०८०/८१ को वार्षिक प्रगति समिक्षा सम्बन्धमा ।

४. समितिहरुको पुनर्गठन सम्बन्धमा।

५. बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना २०८१/८२ सम्बन्धमा।

६. अनुगमन तथा मुल्यांकन कार्ययोजना २०८१/८२ सम्बन्धमा ।

७. कर्मचारीहेरुको कार्य सम्पादन समिक्षा तथा सम्झौता सम्बन्धमा।

८. बजेटको अख्तियारी सम्बन्धमा।

९. खरिद योजना निर्माण सम्बन्धमा।

१०. दररेट स्वीकृत गर्ने सम्बन्धमा।

११. साझेदारी रकम असुल गर्ने सम्बन्धमा।

१२. नेपाल कृषि विकास फर्मको रकम भुक्तानी सम्बन्धमा।

१३. कार्यालय परिसरमा बगैंचा निर्माण सम्बन्धमा।

१४. बजेट तथा कार्यक्रम माग गर्ने सम्बन्धमा।

१५. श्रम रोजगार / प्रधानमन्त्री रोजगार कार्यक्रमको वडागत योजना छनौट सम्बन्धमा।

१६. पुर्ण छात्रवृत्तिमा विधार्थी पठाउने सम्बन्धमा।

१७. विदेश भ्रमण अनुमति सम्बन्धमा।

१८. नीति, कार्यक्रम तथा बजेट पुस्तिका छपाई सम्बन्धमा।

१९. राजपत्र तथा प्रगति पुस्तिका छपाई सम्बन्धमा।

२०. सम्पत्ती विवरण सार्वजनिक गर्ने सम्बन्धमा।

२१. अधुरा योजनाहरुको म्याद थप सम्बन्धमा।

२२. विविध

क) कर्मचारी विज्ञापन सम्बन्धमा।

ख) कृषि प्राविधिक सम्झौता नविकरण गर्ने सम्बन्धमा।

ग) कर्मचारी व्यवस्थापन सम्बन्धमा।

घ) कार्यालयमा ईन्टरनेट व्यवस्थापन सम्बन्धमा।

ङ) विपद कार्यदल परिचालन सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

**बैठकका निर्णयहरु:**

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकको समिक्षा गरि सामाजिक विकास समितिको मातहतमा रहि राउटेको समुदायको हेरालोहरु नियुक्ती गरि प्रभावकारी परिचालन गर्नुपर्ने र कार्यान्वयन गर्न बाँकी रहेका निर्णय यथासिघ्र कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा गुराँस गाउँसभाको १४औं अधिवेशनको पहिलो बैठक मा कर्णाली प्रदेश सरकारका मा. मुख्यमन्त्री यामलाल कँडेल प्रमुख वक्ताका रुपमा तथा कर्णाली प्रदेश सभा सदस्य मा. पुर्ण बहादुर खत्री वक्ताका रुपमा उपस्थित भई गाउँसभाको गरिमा बढाईदिनु भएकोमा धन्यवाद दिने, केहि व्यवस्थापकीय कमजोरी भएकोमा आगामी दिनहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरुबाट सुधार गर्दै थप प्रभावकारी तयारी गर्ने, दोश्रो र तेश्रो बैठकको व्यवस्थापन प्रभावकारी रहेको, गाउँसभामा अध्यक्षज्युले पेश गर्नु भएको नीति तथा कार्यक्रम अत्यन्त राम्रो रहेकोमा बजेट वक्तव्य बिस्तृत विवरण प्राप्त नभएंको, सचिवालय कर्मचारी परिचालन थप प्रभावकारी बनाउने र १४औं गाउँसभा समग्रमा राम्रो भएको समिक्षा गर्दै सम्पुर्णमा धन्यवाद दिने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८०/८१ को वार्षिक आय व्ययको समिक्षा गर्दा कुल बजेट रु. ५८,८४,२१,४८० मध्य चालु तर्फ ८८.५५% तथा पुँजिगत तर्फ ६५.८% वित्तिय प्रगति भएको र कुल निकासा मध्य समग्रमा ९४.४४% वित्तिय प्रगति भएकोमा कार्यालय परिवार लगाएत सबै सरोकारवालाहरुलाई धन्यवाद दिंदै आगामी आ.व. मा थप वित्तिय प्रगति हासिल गर्ने गरि कार्यसम्पादन गर्ने निर्णय गर्दै गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका विभिन्न समितिहरुमा रहि विगत २ वर्ष देखि जिम्मेवारी बहन गर्नु भएकोमा संयोजक तथा सदस्यहरुलाई धन्यवाद दिँदै पालिकाका सबै शाखा र कर्मचारी विषयगत समिति मातहतमा रहने गरि थप प्रभावकारी र अधिकार सम्पन्न बनाउने निर्णय गरियो। साथै, आगामी बैठकमा समितिगत कार्ययोजना समेत पेश गर्ने निर्णय गरियो।

टोप बहादुर वि.सी.
अध्यक्ष

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संलग्न बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना २०८१/८२ पारित गर्ने तथा सोहि बमोजिम कार्यसम्पादन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अनुगमन तथा मुल्यांकन कार्ययोजना २०८१/८२ तयार गरि आगामी बैठकमा पेश गर्न अनुगमन समिति संयोजक श्री शिवाकुमारी खड्कालाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कर्मचारीहरुको दुई आ.व. को कार्य सम्पादन समिक्षा गर्दा अधिकांश कर्मचारीको कार्यसम्पादन संतोषजनक रहेको र तपसिल बमोजिम कर्मचारीको राम्रो र कमजोर कार्यसम्पादन रहेकोमा संलग्न मुल्यांकन बमोजिम राम्रो कार्यसम्पादन भएका कर्मचारीलाई प्रोत्साहन गर्ने तथा कमजोर कार्यसम्पादन भएका कर्मचारीलाई सचेत गराई कार्यसम्पादन सुधारको लागि जानकारी गराउन कार्यालय प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

तपसिलः

राम्रो कार्यसम्पादन भएका कर्मचारीहरुः

क) श्री खेमराज उपाध्याय — सहायक चौथौं (प्रशासन)

ख) श्री दिनेश दाहाल — नि.प्रमुख प्रशासकीय अधिकृत

ग) श्री मोहन प्रसाद पौड्याल — रोजगार संयोजक

घ) श्री पवन कुमार भण्डारी — लेखा शाखा

ङ) श्री गोविन्द बहादुर शाही — सब.ईन्जिनियर

च) श्री खगिसरा वि.क — कार्यालय सहयोगी

छ) श्री यज्ञ बहादुर कार्की — ईन्जिनियर

ज) श्री मदन प्रकाश मल्ला — प्रशासन, योजना तथा अनुगमन शाखा

झ) श्री नगेन्द्र पाल थाप - वडा नं. ५, सचिव

ञ) श्री शैलेन्द्रराज शाही - डोजर चालक

प्रमुख प्रशासकीय अधिकृत

दीप बहादुर विष्ट
अध्यक्ष

कमजोर कार्यसम्पादन भएका कर्मचारीहरु:

क) श्री टोप बहादुर शाही — वडा सचिव, वडा नं. २

ख) श्री उर्वसी रेग्मी ढकाल — सहकारी शाखा

ग) श्री दल बहादुर घले — वडा सचिव, वडा नं. १

घ) श्री ताराकुमारी खांण — सहायक तृतिय

ङ) श्री भुपेन्द्र भण्डारी — शिक्षा शाखा प्रमुख

च) श्री मेनका खत्री — सब-ईन्जिनियर

छ) श्री निर्मला कुमारी थापा — एक गाउँ एक प्राविधिक

ज) श्री इन्द्रा कुमारी थापा — लघु उधम विकास शाखा

ज) श्री सुजिता उप्रेती — अ. सब-ईन्जिनियर

झ) श्री कर्ण बहादुर थापा — वडा सचिव, बडा नं. ४

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मितिः २०८१/०४/०७ गते कार्यालय प्रमुखलाई दिइएको बजेटको अख्तियारी अनुमोदन गर्दै आ.व. २०८१/८२ मा उत्कृष्ठ कार्यसम्पादन सहित प्रभावकारी नतिजा प्राप्त गर्न शुभकामना सहित निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८१/८२ को खरिद योजना श्रावण १५ भित्र निर्माण गरि अध्यक्ष समक्ष पेश गर्न खरिद ईकाईलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा गुराँस गाउँपालिकाको आफ्नै दररेट तयार गरि श्रावण १५ भित्र पेश गर्न भौतिक पुर्वाधार विकास समितिलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाबाट विभिन्न मितिमा कृषि तथा पशुपंक्षि व्यवसाय सञ्चालनका लागि साझेदारी रकम उपलब्ध गराइएकोमा विभिन्न मितिमा साझेदारी रकम फिर्ता गर्न

टोप बहादुर वि.सी.
अध्यक्ष

सूचना गर्दा समेत केहि फर्मले मात्र साझेदारी रकम फिर्ता गरेको हुँदा अन्य फर्मको नाम र फिर्ता गर्नुपर्ने रकम सहित सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा नेपाल कृषि विकास फर्मको हाल सम्म भए/गरेका कामकाजका सम्बन्धमा छलफल गर्दै रकम भुक्तानी गर्न पर्ने वा नपर्ने सम्बन्धमा अन्तिम मुल्यांकनका आधारमा आपसी सहमति कार्य गर्न नेपाल कृषि विकास फर्मलाई बैठकमा आमन्त्रण गरि छलफल गर्न आर्थिक विकास समितिलाई पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा गुराँस गाउँकार्यपालिकाको कार्यलय परिसरमा "पालिका परिसरमा पर्खाल तथा बगैंचा निर्माण" शीर्षकबाट भुक्तानी हुने गरि बगैंचा निर्माण कार्य र प्रहरी चौकी सिमाना तर्फ पक्कि पर्खाल निर्माण कार्य सुरु गर्ने निर्णय गरियो। साथै, माथि उल्लेखित कार्य फरकफरक प्रकृतिका भएका र यथासिघ्र सम्पन्न गर्नु पर्ने भएको हुँदा फरक फरक योजनाकाको रुपमा सोझै खरिद विधिबाट कार्यान्वयन गर्ने समेत निर्णय गरियो। यस कार्यको प्रभावकारिताका आधारमा वडा कार्यालय तथा स्वास्थ्य चौकीमा समेत बजेटको व्यवस्थापन गरि बगैंचा निर्माण कार्य अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा संघीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा संघ/संस्थाहरु तथा विकास साझेदारहरुसंग थप बजेट तथा कार्यक्रमका लागि प्रस्तावना सहित बजेट माग गर्न संस्थागत विकास तथा सुशासन समितिलाई जिम्मेवारी दिने गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा श्रम रोजगार / प्रधानमन्त्री रोजगार कार्यक्रमको वडागत योजना छनौट भई प्राप्त हुन आएका योजनाहरुलाई आ.व. २०८१/८२ को लागि संलग्न कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस गुराँस गाउँपालिका र श्री शिव माध्यामिक विद्यालय, नवलपरासी बिचको सम्झौता बमोजिम प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदको कार्यक्रममा गुराँस गाउँपालिकाका गरिब तथा जेहेन्दार विधार्थीहरुलाई १८ महिने प्रि डिप्लोमा (सिभिल

टोप बहादुर बि.सी.
अध्यक्ष

इन्जिनियरिङ्ग) तथा प्रि डिप्लोमा (सिभिल बिल्डिङ्ग कन्सट्रक्शन) तर्फ विधार्थी छनौट गरि पुर्ण छात्रवृत्तिका लागि सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा जापानको हिरोसिमा तथा नागासाकीमा आयोजना हुन गईरहेको World Conference Against A/H Bombs, Japan सेमिनारमा कार्यालयलाई निम्तो प्राप्त भएकोमा यस गाउँपालिकाको तर्फबाट अध्यक्ष र उपाध्यक्ष लाई सहभागीताको लागि अनुमति दिने तथा उक्त कार्यक्रमको रजिष्ट्रेशन र टिकट खर्च कार्यालयबाट व्यहोर्ने निर्णय गरियो।

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट, बजेट कार्यान्वयन कार्ययोजना, अघिल्लो आ.व.को वित्तिय प्रगति सहितको विषयबस्तु समेटि पुस्तिका छपाई गर्ने निर्णय गरियो।

निर्णय नं. १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा आ.व.२०८०/८१ मा गुराँस गाउँसभाबाट पास भएका कानूनहरुलाई सार्वजनिक गर्ने उद्देश्यका साथ गुराँस राजपत्र, राजपत्र संगालो तथा प्रगति पुस्तिका छपाईको कार्य २०८१ श्रावण मसान्त भित्रमा सम्पन्न गर्ने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. २०

प्रस्ताव नं. २० माथि छलफल गर्दा गुराँस गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरुको सम्पत्ति विवरण २०८१ श्रावण मसान्त भित्र सम्बन्धित निकायमा पठाउने तथा वेबसाइटबाट सार्वजनिक समेत गर्ने निर्णय गरियो।

निर्णय नं. २१

प्रस्ताव नं. २१ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरुमा अधुरो रहेका योजनाहरुको म्याद थपका लागि सम्वन्धित निर्माण व्यवसायीबाट योजना सम्पन्न हुन नसक्नुको मनासिव कारण, निर्माण कार्ययोजना,कार्यसम्पन्न गर्ने प्रतिवद्दता, गुणस्तर कायम गर्ने प्रतिबद्दता, वडा कार्यालयको सिफारिस, जग्गा प्राप्तिको प्रमाण र नियमानुसार राजश्व दाखिला गरेको प्रमाणका आधारमा भौतिक पुर्वाधार विकास समितिको सिफारिसका आधारमा मात्र म्याद थप गर्ने निर्णय गरियो।

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. २२

प्रस्ताव नं. २२ माथि छलफल गर्दा:

क) गुराँस गाउँपालिकाको कार्यालय तथा व्यवस्थापन सर्भे तथा जि.टु.जी कार्यक्रम तर्फको स्वीकृत वार्षिक बजेट कार्यान्वयन योजनाको अधिनमा रहि तपसिल बमोजिम कर्मचारी विज्ञापन गर्ने निर्णय गरियो।

तपसिल:

क) हेल्थ असिस्टेन्ट (पाचौं) - १ जना
ख) सामुदायीक अ.न.मी (चौथौं) — २ जना (जि.टु.जी)
ग) अ.हे.व (चौथौं) — १ जना
घ) बगैंचे — १ जना
ङ) कम्प्युटर अपरेटर — १ जना
च) सामाजिक परिचालक - ~~१ जना~~ (गरिव संग विश्वेश्वर)
छ) गुराँस प्रहरी — १० जना

ख) आ.व. २०८०/८१ मा संघीय शसर्त अनुदान तर्फको कृषि स्नातक कार्यक्रम अन्तर्गत नियुक्त भएका कृषि स्नातक (छैठौं) लाई यस आ.व.मा समेत निरन्तरता दिने तथा आ.व. २०८१/८२ को संघीय शसर्त अनुदान तर्फको सम्बन्धित शीर्षक तथा कार्यालयको साझेदारीमा निजको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

ग) गुराँस गाउँपालिकाका विभिन्न वडा, शाखा तथा निकायमा कार्यरत कर्मचारीहरुको संस्थागत क्षमता विकास तथा सुशासन समिति र भौतिक पुर्वाधार विकास समितिल पेश गरेको तपसिल बमोजिमको जिम्मेवारी हेरफेर तथा व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने तथा २०८१ श्रावण महिना भित्र कर्मचारीको क्षमता विकास र सकरात्मक सोच सम्बन्धि २ दिने तालिम आयोजनाका लागि संस्थागत क्षमता विकास तथा सुशासन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

तपसिल:

क) वडा तर्फ:

| वडा | वडा सचिव | वडा | वडा सचिव |
|---|---|---|---|
| १ | श्री दलबहादुर घले | ५ | श्री उर्वसी रेग्मी ढकाल |
| २ | श्री दलबहादुर बि.सी | ६ | श्री विधादेवि महतारा |
| ३ | श्री तारा कुमारी खांण | ७ | श्री झम्पन कुमार आचार्य |
| ४ | श्री कर्ण बहादुर थापा | ८ | श्री सुस्मिता कुमारी खड्का |

नि.प्रमुख प्रशासकीय अधिकृत

...प बहादुर वि.शी
अध्यक्ष

ख) भौतिक पुर्वाधार विकास शाखा तर्फः

| शाखा/वडा | कर्मचारी | जिम्मेवारी |
|---|---|---|
| भौतिक पुर्वाधार विकास | ई. यज्ञ बहादुर कार्की | शाखा प्रमुख |
| | सब ई. श्री गोविन्द बहादुर शाही | वडा नं. १, २, ३ र ५ फोकल व्यक्ति |
| | अ. सब-ई. श्री रमेश रामजली | वडा नं. ४, ६, ७ र ८ फोकल व्यक्ति |
| खानेपानी तथा सरसफाई | खा.पा.से.टे श्री बसन्त शर्मा | शाखा प्रमुख |
| वडा नं. १ | अ.सब-ई. श्री शैलेश बोगटी | वडा प्राविधिक |
| वडा नं. २ | सब. ई. श्री उदयराज जैसी | वडा प्राविधिक तथा हामी बनाउछौं हाम्रो सडक फोकल व्यक्ति |
| वडा नं. ३ | अ.सब-ई. श्री शैलेश बोगटी | वडा प्राविधिक |
| वडा नं. ४ | सब.ई. श्री मेनका खत्री | वडा प्राविधिक |
| वडा नं. ५ | अ. सब-ई. श्री सुजिता उप्रेती | वडा प्राविधिक, हामी बनाउछौं हाम्रो सडक |
| वडा नं. ६ | अ. सब-ई. श्री रमेश न्यौपाने | वडा प्राविधिक |
| वडा नं. ७ | सब.ई. श्री विशाल वि.क | वडा प्राविधिक |
| वडा नं. ८ | अ. सब-ई. श्री रमेश न्यौपाने | वडा प्राविधिक |

साथै, दोहोरो जिम्मेवारीमा रहनु भएका प्राविधिकहरुलाई मासिक २० लि. ईन्धन तथा हरेक चौमासिकमा १ पटक सवारी मर्मत सुविधा उपलब्ध गराउने निर्णय गरियो।

ग) गाउँकार्यपालिकाको कार्यलय तर्फ (थप जिम्मेवारी भएका कर्मचारीहरु)

| कर्मचारीको नाम | नयाँ/थप जिम्मेवारी |
|---|---|
| श्री मोहन प्रसाद पोड्याल | सहकारी तथा संघ संस्था शाखा |
| श्री सुन्दर बहादुर वि.सी | राजश्व शाखा |
| श्री टोप बहादुर शाही | आन्तरिक लेखापरिक्षण शाखा |
| श्री नगेन्द्रपाल थापा | योजना तथा अनुगमन शाखा |
| श्री खेमराज उपाध्याय | जिन्सी शाखा |
| श्री प्रेम भट्टराई | यातायात तथा सामुदायीक विधुतकरण शाखा |

प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

घ) कृषि तथा पशुपंक्षि विकास शाखा

| कर्मचारीको नाम | नयाँ/थप जिम्मेवारी |
|---|---|
| श्री शुसिल कुमार थापा | कृषि शाखा प्रमुख |
| श्री पुर्ण बहादुर खड्का | कृषि अनुसन्धान केन्द्र फोकल व्यक्ति |
| श्री भुपेन्द्र कुमार योगी | वडा कृषि फोकल व्यक्ति |
| श्री विनिता शर्मा | सहायक चौथौ (कृषि) |
| श्री सुनिल थापा | पशुपंक्षि विकास शाखा प्रमुख |
| श्री के.पि सापकोटा | वडा नं. ५, ६, ७, ८ पशुपंक्षि फोकल व्यक्ति |
| श्री देवेन्द्र भण्डारी | वडा नं. १, २, ३, ४ पशुपंक्षि फोकल व्यक्ति |
| श्री प्रमिला रावत | कार्यक्षेत्र वडा नं. ४ र ५ |
| श्री ललित बोहोरा | सेवा केन्द्र, पातिकान्ला (कार्यक्षेत्र १,२,३) |
| श्री भवानी भट्टराई | सेवा केन्द्र, पातिकान्ला (कार्यक्षेत्र १,२,३) |
| श्री खेमराज रेग्मी | सेवा केन्द्र पिलाडी (कार्यक्षेत्र ६,७,८) |
| श्री निर्मला बस्नेत | सेवा केन्द्र धरमपोखरा (कार्यक्षेत्र ६,७,८) |

घ) गुराँस गाउँकार्यपालिकाको कार्यलयमा ईन्टरनेट व्यवस्थापनलाई थप प्रभावकारी बनाउन अत्याधुनिक स्वीच तथा वायरीङ्ग व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने तथा कार्यालय समयमा फेसबुक, युटुव, टिकटक तथा अन्य मनोरञ्जनात्मक वेवसाइटहरु प्रतिवन्ध गर्ने व्यवस्था गर्ने समेत निर्णय गरियो।

ङ) वर्षातको समयमा गुराँस गाउँपालिकाका विभिन्न स्थानमा सडक अवरुद्ध भई आवतजावतमा पर्ने, रुखहरु ढल्ने तथा सडकमा पानी/हिलो जम्ने समस्याबाट गुराँसवासीलाई पर्ने गरेको असुविधालाई मध्यनजर गरि हामी बनाउछौं हाम्रो सडक शीर्षकबाट भुक्तानी हुने गरि प्रत्येक वडामा आ.व. २०८१/८२ को पहिलो त्रैमासिकका लागि २ जनाका दरले ज्यालादारी विपद कार्यदल प्रतिष्पर्धाका आधारमा छनौट गर्न वडा कार्यालयहरुलाई अख्तियारी दिने तथा डोर हाजिरीका आधारमा वडागत विकास कार्यमा खटाउने निर्णय गरियो।

अन्त्यमा, गुराँस गाउँकार्यपालिकाको ३६औं बैठक १५ जना कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा माथी उल्लेखित एजेण्डाहरु उपर गहन छलफल गरि, सर्वसम्मत रुपमा निर्णयमा पुग्दै अत्यन्त सौहार्द रुपमा सम्पन्न भई, बैठकमा उपस्थित कार्यपालिका सदस्यज्युहरुलाई आवास, खाना, खाजा तथा यातायातको व्यवस्थापनको लागि कार्यालयलाई जिम्मेवारी दिंदै अध्यक्षज्युबाट समापनको जानकारी भयो।

टोप बहादुर वि.सी.
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत